"समृद्ध गाउँपालिका र सुखी जनता"

माईजोगमाई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सखाँबजार, इलाम।

कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२ मिति-२०८१-१०-२८

च.नं.

सूचना ! सूचना !! सूचना !!!

**विषयः धरौटी रकम सम्बन्धमा ।**

प्रस्तुत विषयमा आ.व. २०७९/८० मा विभिन्न प्रयोजनको लागि नाम नामेसी नखोलेको धरौटी जम्मा गरेकोमा सो प्रयोजनको समय अवधी पुरा भए पश्चात धरौटी वापतको रकम कार्यालयबाट फिर्ता लगि सक्नु पर्ने **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७** नियम ६६ र ६७ बमोजिम व्यवस्था भएको छ।हालसम्म पनि उक्त धरौटी रकम फिर्ता लिन नआएको भनि महालेखा परीक्षकको कार्यालयबाट भएको आ.व. २०८०/०८१ को प्रारम्भिक लेखापरीक्षणको प्रतिवेदनको दफा २७ बमोजिम रु१,५३,७५०.०४(अक्षरेपी एक लाख त्रिपन्न हजार सात सय पचास र चार पैसा) बेरूजु औंल्याइएको साथै कार्यपालिकाको बैंठकको निर्णयबाट समेत पत्राचार गर्ने निर्णय भए बमोजिम सो धरौटी वापतको रकम सम्बन्धित सरोकारवाला पक्षले मिति २०८१/११/२७ गते भित्र अनिवार्य **कर समायोजनको पत्र, के प्रयोजनको लागि राखिएको हो सोको विवरण खुल्ने कागजात र निवेदन** यस कार्यालयमा पेश गरी धरौटी वापतको रकम भुक्तानी लिनुहुन अनुरोध गरिन्छ ।अन्यथा तोकिएको समय अवधि भित्र धरौटी रकम भुक्तानी लिन नआएको खण्डमा सो धरौटी वापतको रकम प्रचलित नियमानुसार सदर स्याहा गरी बेरूजु फछ्यौट गरिने व्यहोरा समेत सम्बन्धित सवैमा जानकारी गराइन्छ ।

२०८१.१०.२८

कुमार बस्नेत

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री सुचना तथा प्रविधि शाखा-उल्लेखित पत्र website र Facebook Page मा Upload गरिदिनुहुन ।

Phone No.- ०२७-४११०४४, ०२७-४११०५८ Email- maijogmaigaupalika@gmail.com